प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

# प्रेस विज्ञप्ति

जारी मिति : २०७८।०१।२३
सार्वजनिक गर्ने मिति : २०७८।०१।२४

राष्ट्रिय पत्रकारिता दिवस, २०७८ को उपलक्ष्यमा सम्पूर्ण पत्रकार मित्रहरुमा हार्दिक शुभकामना छ । कोरोनाको महामारीसँग जुझ्दै आफ्नो पेशागत काममा अगाडि बढिरहनु भएकोमा उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

हरेक वर्ष बैशाख २४ गते राष्ट्रिय पत्रकारिता दिवसको अवसर पारेर आ.व.२०७४।०७५ देखि नै दुई जनाको दरले यस प्रदेशका अग्रज पत्रकारहरुलाई **प्रादेशिक पत्रकारिता पुरस्कार** प्रदान गर्दै आएकोमा यस वर्ष पनि गत वर्षमा झैं कोरोना महामारीका कारण सार्वजनिक समारोह गरी उक्त पुरस्कार वितरण गर्न कठिनाइ भएको छ । तथापि, गत बर्ष र यस बर्षको समेत गरी चार जना अग्रज पत्रकारहरुलाई सम्मान गर्ने निर्णय गरेका छौ । यस पुरस्कारका लागि लामो समय पत्रकारिता गरी यस प्रदेशको विकासमा महत्वपूर्ण योगदान गर्नुहुने व्यक्तित्वहरु छनौट गरी सिफारिस गर्नका लागि यस मन्त्रालयले मिति २०७७।१२।३० मा माननीय मन्त्रिस्तरीय निर्णय गरी प्रादेशिक सञ्चार प्रतिष्ठान, प्रदेश नं.१ का कार्यकारी निर्देशक श्री यज्ञप्रसाद शर्माको संयोजकत्वमा नेपाल पत्रकार महासंघ १ नं.प्रदेश समितिका अध्यक्ष श्री लिलावल्लभ घिमिरे र निवर्तमान अध्यक्ष श्री विक्रम लुईटेल सदस्य रहेको छनौट समिति गठन गरेको थियो । सोही समितिको सिफारिसका आधारमा यस मन्त्रालयको माननीय मन्त्रिस्तरीय निर्णयवाट तपसिल वमोजिमका अग्रज पत्रकारहरुलाई पुरस्कृत गर्ने निर्णय गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

तपसिल :

१. श्री गोविन्द चन्द्र क्षेत्री, भद्रपुर, झापा
२. श्री गञ्ज बहादुर दाहाल, दमक, झापा
३. श्री कौशल चेम्जोङ, त्रियुगा, उदयपुर
४. श्री ललिता भट्टराई, उर्लावारी, मोरङ

अहिले कोरोना महामारीको कारण निषेधाज्ञा रहेकोले उपयुक्त अवसर पारी निकट भविष्यमा पुरस्कार वितरण गरिने छ । पुरस्कारको राशी रु १,००,०००।-(एक लाख) र सम्मानपत्र रहेको छ ।

पुरस्कृत हुनुहुने अग्रज पत्रकारहरुलाई मन्त्रालयको तर्फबाट हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

(विजय कुमार मगर)
शाखा अधिकृत एवं सूचना अधिकारी

**शाखा अधिकृत**
अधिकृतस्तर सातौं